# इलाम नगरपालिका
# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ६ सङ्ख्या : ३ मिति : २०७९।१०।६**

**भाग १**

**इलाम नगरपालिकाको बाह्रौ नगर सभाबाट पारित इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन (चौथो संशोधन) ऐन, २०७९ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

## <u>इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन (चौथो संशोधन) ऐन, २०७९</u>

**नगर सभाबाट स्वीकृत मिति : २०७९।१०।६**
**प्रमाणीकरण मिति : २०७९।१०।६**

इलाम नगरपालिकाको मिति २०७४।११।२८ को नगर सभाबाट स्वीकृत इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन ऐन, २०७४ मिति २०७६।११।८ मा पहिलो संशोधन, मिति २०७७।३।१० मा दोस्रो संशोधन, मिति २०७८।३।१० मा तेस्रो संशोधन भई कार्यान्वयन भइरहेको सन्दर्भमा सो ऐनलाई थप व्यवस्थित गर्नका लागि निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले इलाम नगरपालिका, बाह्रौ नगर सभाको मिति २०७९।१०।६ को निर्णयबाट **इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन (चौथो संशोधन) ऐन, २०७९** जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन (चौथो संशोधन) ऐन, २०७९ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** दफा १४ को उपदफा १ पछि देहायको उपदफा १ (क) थप

१ (क) तर कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था वा निकायसँग भएको सम्झौता वा नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम इलाम नगरपालिकामा संचालन हुने आयोजना वा कार्यक्रममा समन्वय सहजीकरण र सहयोग गर्न र उक्त आयोजना वा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकालाई आवधिक प्रतिवेदन मार्फत सल्लाह र पृष्ठपोषण प्रदान गर्न नगर कार्यपालिकाको सिफारिसमा नगर प्रमुखले बढीमा ६ महिनाका लागि कार्यक्रमको समन्वयका लागि एक जना जनशक्ति करार सेवामा नियुक्ति गर्न बाधा पर्नेछैन।

ख.दफा १४ को उपदफा २ मा देहाय बमोजिम संशोधन गरिएको छ।

तर, मासिक पन्ध्र हजार रुपैयाँ वा सो भन्दा कम रुपैया पारिश्रमिक भएको पदमा

**३.** दफा ७० पछि देहायको दफा ७० (क) थप

दफा ७०(क) कार्यक्रम समन्वयकर्ता नियुक्त गर्न सकिने (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था वा निकायसँग भएको संझौता वा नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम इलाम नगरपालिकामा संचालन हुने आयोजना वा कार्यक्रममा समन्वय सहजीकरण र सहयोग गर्न र उक्त आयोजना वा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकालाई आवधिक प्रतिवेदन मार्फत सल्लाह र पृष्ठपोषण प्रदान गर्न एक जना कार्यक्रम समन्वयकर्ताको नियुक्ति गर्न सकिनेछ।

(१) नगर कार्यपालिकाको सिफारिसमा नगर प्रमुखले बढीमा ६ महिनाका लागि कार्यक्रम समन्वयकर्तालाई नगरपालिकाको व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०७६ र ऐनको दफा १४ (१क) बमोजिम करारमा नियुक्त गर्न सक्नेछ।

(३) नगरपालिकाको आवश्यकताका आधारमा निजको सेवा अवधि नगर प्रमुखको निर्णय बमोजिम एक पटकमा ६ महिना भन्दा बढी नहुने गरि थप गर्न सकिने छ।

(४) कार्यक्रम समन्वयकर्ताको मासिक पारिश्रमिक र सेवा सुविधाहरुको जम्मा रकम नगरपालिकाको अधिकृत स्तर छैठौं पदको मासिक शुरु स्केल भन्दा बढी हुने छैन।

(५) कार्यक्रम समन्वयकर्ताको पदमा नियुक्तिका लागि देहायको योग्यता पुरा गरेको हुनुपर्नेछ।

क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको
ख) इलाम नगरपालिकाको स्थायी बासिन्दा रहेको
ग) प्रचलित कानुन बमोजिम नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको
घ) नेपाल सरकारको विकासमूलक निकायमा वा स्थानीय निकाय वा स्थानीय तहको स्थायी पदमा रही लगातार कम्तिमा १५ बर्ष कार्य गरेको
ङ) कुनै राजनितिक दलको सदस्यता नलिएको
च) ६५ बर्ष उमेर पुरा नभएको

आज्ञाले
गणेशकुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत